# जैमिनी नगरपालिकाको आ.ब. २०८३/०८४ को
# बार्षिक नीति तथा कार्यक्रम

नर बहादुर पुन
नगर प्रमुख

जैमिनी नगरपालिका, बागलुङ

**नगर सभा उपाध्यक्ष, नगर सभा सदस्यज्यूहरुः**

जैमिनी नगरपालिकाको १९ औं नगर सभाको यस बैठकमा स्थानीय सरकारको तर्फबाट आ.व. २०८३-०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु। नेपालमा आर्थिक, सामाजिक र राजनीतिक रुपान्तरण र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका संघर्ष र आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस क्रममा घाइते तथा वेपत्ता हुनु भएका व्यक्ति र उहाँका परिवारजनप्रति स्वास्थ्य लाभको कामना सहित उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको राज्य संरचनामा सङ्घीय शासन प्रणालीमा आधारित छ। संविधानले प्रत्याभुत गरेको सङ्घीयताको मूल मर्म अनुसार राज्यका स्रोत, अवसर र सेवालाई जनस्तरसम्म पुर्‍याई नागरिकको जीवन स्तरमा गुणात्मक परिवर्तन ल्याउनु स्थानीय सरकारको कर्तव्य हो। संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ अनुसारका नगरपालिकाको काम,कर्तब्य र अधिकारलाई आत्मसात गरी विकास प्रतिको आम चहानालाई सम्बोधन गर्न स्थानीय सरकारको रुपमा जैमिनी नगरपालिका सदैब क्रियाशिल रहेको छ। सन्तुलित विकास, सामाजिक सद्भाव, शान्ति र राजनीतिक स्थायीत्व सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य, सहअस्तित्व र समन्वयलाई थप सुदृढ बनाउँदै नागरिकका आवश्यकता र अपेक्षा सम्वोधन गर्न नगरपालिका प्रतिबद्ध रहेको छ।

"**संमृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी**" को नारालाई सफल पार्न हाम्रो अथक प्रयास र यहाँहरुको रचनात्मक सल्लाह, सुझाव र मार्गदर्शनलाई आत्मसात गर्दै संवैधानिक व्यवस्था, दिगो विकासको लक्ष्य, प्रथम जैमिनी नगर आवधिक योजनाको उद्देश्य सहित नागरिकको विकास प्रतिको चाहनालाई सहि रुपमा सम्वोधन होस् भन्ने हेतुले यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

हामीलाई प्राप्त साधन स्रोतको अधिकतम् सदुपयोग गरी समानुपातिक र सन्तुलित विकासको लाभ सबै क्षेत्र र वर्गमा वितरण हुने गरी नगरपालिका हुन चाहिने न्यूनतम् पूर्वाधार र सूचकमा काम गर्नु परेको अवस्थालाई मध्यनगर गर्दै आम नागरिकमा देखिने विकास र महशुस गर्ने स्थानीय सरकारको रुपमा स्थापित हुन सकोस भन्ने उद्देश्यका साथ जैमिनी नगरपालिकाको आगामी आ.व. २०८३-०८४ मा सञ्चालन हुने योजना, कार्यक्रम र अभियानलाई यसै नीति तथा कार्यक्रम मार्फत प्रस्तुत गरेको छु।

**नगर सभा उपाध्यक्ष, नगर सभा सदस्यज्यूहरुः**

जैमिनी नगरपालिकाले स्थापना कालदेखि शुरु गरेका विभिन्न पूर्वाधारजन्य विकासका आयोजनाहरू, सामाजिक, आर्थिक विकासका लागि सञ्चालित कार्यक्रमहरूबाट प्राप्त उपलब्धिहरूको व्यवहारिक प्रयोग र अनुसरण गर्दै संमृद्ध जैमिनी नगरपालिका बनाउन निम्न अवसरहरूको पहिचान र उपयोग तथा चुनौतीहरूको सामना गर्दै अगाडी बढ्नु हामी सबैको साझा दायित्व सम्झेको छु।

**अवसरहरुः**

- जैमिनी नगरपालिका हुँदै जाने राष्ट्रिय राजमार्ग कालीगण्डकी करिडोर सम्पन्न भइसकेको र यसले दुई छिमेकी मुलुक भारत र चीन समेत जोड्ने भएकाले आर्थिक र पर्यटकीय सम्भावनालाई उजागर गर्न सकिने ।
- जैमिनी नगरपालिकाको प्रथम आवधिक योजना  र राजश्व सुधार योजना तयार भई कार्यान्वयनमा रहेको ।
- जैमिनीको समग्र जग्गाको वर्गीकरण गरी उत्पादन र उपभोगका आधारमा जग्गाको विभाजन गरिएको ।
- जैमिनीको समग्र सडक विकास गर्ने नगर सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा रहेको ।
- कृषि, पर्यापर्यटन जलस्रोत र खानीको सम्भावनाको खोजी गरी यथोचित उत्पादन र उपभोग बढाउन काम सुरुवात भएको ।
- विकासका गतिविधि सँगै आर्थिक गतिविधि क्रमशः चलायमान हुन थालेको, विकासका नविनतम् उपायहरु र सम्भावनाको खोजी भएको ।

**चुनौतीहरुः**

- बढ्दो बसाईसराईलाई नियन्त्रण गरी स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- नागरिकहरुको बैदेशिक रोजगारीका लागि पलायन हुने संख्याको वृद्धिदरलाई घटाउनु ।
- प्रतिस्पर्धी मानव जनशक्ति तयार गरी लगानी र स्वः उद्यमशीलता अभिवृद्धि गर्नु ।
- न्यूनतम नगरस्तरीय पूर्वाधार तयार गर्नु ।
- आम नागरिकको चाहना र विकासको अभिलाषालाई परिपुर्ति गर्ने स्रोत र साधनहरुको कमी हुनु ।
- कृषि योग्य जमिनको सहि सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउनु ।

**नगर सभा उपाध्यक्ष र सदस्यज्यूहरु**

**अब म विषयगत क्षेत्रका नीति र कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## आर्थिक विकास

### कृषि तथा पशु सेवाः

१. **"हाम्रो जैमिनी, आत्मनिर्भर जैमिनी"** को नाराका साथ उत्पादन, उत्पादकत्व, उद्यमशीलता र बजारीकरणमा आधारित दिगो, जलवायु अनुकूल, प्रविधिमैत्री तथा व्यवसायिक कृषि र पशुपंक्षी विकासमार्फत जैमिनी नगरपालिकालाई आत्मनिर्भर र समृद्ध पालिकाका रूपमा विकास गरिनेछ ।

२. **"आफ्नै मल, आफ्नै उत्पादनको आधार, स्वस्थ माटो, स्वस्थ उत्पादन र स्वस्थ परिवार"** भन्ने अभियानलाई आत्मसात् गर्दै जैमिनी नगरपालिकालाई क्रमशः प्राङ्गारिक कृषि उन्मुख स्थानीय तहका रूपमा विकास गरिनेछ। कृषि तथा घरेलु जैविक फोहोरको सदुपयोग गरी प्राङ्गारिक मल उत्पादन तथा प्रयोगलाई प्रवर्द्धन गर्न सार्वजनिक–निजी साझेदारीमा प्राङ्गारिक मल उद्योग स्थापना गरिनेछ ।

**३.** **"हरेक खेतमा सिँचाइ, हरेक किसानमा संमृद्धि"** भन्ने अभियान सहित साना सिँचाइ, पानी सङ्कलन संरचना, लिफ्ट तथा आधुनिक सिँचाइ प्रणाली विस्तार गरी कृषि उत्पादन क्षेत्र केन्द्रित कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४. स्थानीय सम्भावना र तुलनात्मक लाभका आधारमा सुन्तला विकास कार्यक्रम लगायत विभिन्न कृषि तथा फलफूल बालीका पकेट क्षेत्र निर्धारण गरी उन्नत प्रविधि, कृषि पूर्वाधार, सिँचाइ, गुणस्तरीय उत्पादन सामग्री तथा बजारीकरणमा सहजीकरण गर्दै व्यावसायिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

५. **"सेरा जाउँ केरा खाउँ"** भन्ने नारालाई निरन्तरता दिदै केरा पकेट कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

६. मौरीपालन प्रवर्द्धन तथा वातावरण संरक्षणका लागि सार्वजनिक, सामुदायिक तथा निजी जग्गामा मौरीमैत्री फलफूलजन्य प्रजातिको विरुवा रोपण, संरक्षण र चरण क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

७. कृषिबालीमा बाँदरबाट हुने क्षति न्यूनीकरणका लागि नियन्त्रणका प्रभावकारी उपायहरूको अध्ययन गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. जैमिनी नगरपालिकाको आवाद जग्गामा बोटविरुवा हटाउने सम्बन्धी कार्यविधी, २०७६ लाई कार्यान्वयन गर्ने नीति लिइनेछ ।

**९.** **"नराखौं जमिन खाली, लगाउँ सुहाउदो बाली"** भन्ने नारालाई आधार बनाउदै जैमिनी नगरपालिकाभित्रको भूगोल, माटो, हावापानी तथा कृषि सम्भाव्यताको वैज्ञानिक अध्ययन गरी बाली तथा पशुपंक्षी उत्पादन उपयुक्तता नक्सा (Suitability Map) र कृषि पाश्र्वचित्र तयार गरिनेछ। सोको आधारमा क्षेत्र विशेष अनुकूल खेती प्रणाली विकास, जोन, पकेट क्षेत्र, ब्लक निर्धारण तथा कृषि/पशुपंक्षी लगानीलाई प्राथमिकता प्रदान गरिनेछ ।

१०. कृषि एम्बुलेन्स सञ्चालन गरी फलफूल तथा तरकारीको संकलन, ढुवानी र बजारीकरणलाई सहज बनाइनेछ। स्थानीय कृषि उत्पादनको सहज बजारीकरण, मूल्य अभिवृद्धि र किसानको आय वृद्धि गर्न आवश्यकतानुसार कृषि बिक्री केन्द्रको सञ्चालन, व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरिनेछ। कृषि एम्बुलेन्समार्फत बजारमा बिक्री भएका फलफूल तथा तरकारीको परिमाणका आधारमा उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

**११.** परम्परागत रैथाने बालीलाई संवर्द्धन गर्न रैथाने बालीहरु सिरिम्ले मकै, कोदो, फापर सिस्नो, टिमुर, भांगो, आलु र निउरो लगायतको उत्पादन र बजारीकरण, ब्रान्डिङ, ग्रेडिङ, प्याकेजिङ, लेबलिङ, प्रशोधन तथा बजारीकरणमा सहजीकरण गरी स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गरिनेछ। स्थानीय उत्पादनमा आधारित कृषि सामग्री उद्योगलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१२. **"जैमिनीको शान, परिचयपत्रयुक्त किसान"** नाराका साथ कृषकहरूको सूचीकरण कार्यलाई पूर्णता दिई कृषि सूचना व्यवस्थापन प्रणाली सञ्चालन गरिनेछ। डिजिटल प्रविधिमा आधारित कृषि सेवा, तथ्यांक व्यवस्थापन, अनुदान वितरण, अनुगमन तथा सूचना प्रवाह प्रणाली विकास गरी कृषि प्रसारलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाइनेछ।

१३. खाद्यान्न बालीको उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा सुदृढीकरण, कृषकको आय अभिवृद्धि तथा स्थानीय स्तरमा गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित गर्न उन्नत तथा प्रमाणित बीउको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१४. दुध र मासुको आत्मनिर्भरतालाई दिगो राख्दै कृषि तथा पशुपंक्षी बिमा कार्यक्रम नगरपालिकाका सबै किसानमाझ पहुँच विस्तार गरि कार्यान्वयन गरिनेछ।

**१५.** कृषकलाई गुणस्तरीय कृषि परामर्श, प्राविधिक सेवा, माटो परीक्षण सेवा, रोग कीरा निदान तथा व्यवस्थापन सेवा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा परिचालन गरिनेछ।

**१६.** नगरपालिकाभित्रका सम्भाब्य क्षेत्र तथा बाँझो जग्गामा कफी, काजु, मेकाडेमियानट, एभोकाडो, किवि, ओखर लगायत फलफूल तथा मसला बालीको उत्पादन प्रवर्द्धन गरिनेछ।

१७. मसलाबाली (अदुवा, बेसार र टिमुर) को उत्पादन संरक्षण तथा किसानको आय सुनिश्चित गर्न न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने नीति लिइनेछ।

१८. स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि मेलामा आधारित हाटबजार तथा कृषि प्रदर्शनी सञ्चालन गरिनेछ।

१९. विद्यालयमा करेसाबारी स्थापना तथा सञ्चालन गरी विद्यार्थीमा कृषि शिक्षा, पोषण सचेतना, वातावरण संरक्षण र व्यवहारिक सीप विकासलाई प्रवर्द्धन गरिनेछ।

२०. **"फर्किएका युवा, गाउँको शक्ति; उद्यम विकास, संमृद्धिको भक्ति"** भन्ने नाराका साथ अन्य पालिकाबाट बसाईसराई गरि आएका युवा, सीपयुक्त जनशक्ति तथा गाउँमै उद्यम गर्न इच्छुक नागरिकलाई लक्षित गरी **जैमिनी प्याकेज कार्यक्रम** सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत आवास, आधारभूत पूर्वाधार, उत्पादन, प्रशोधन, पर्यटन, कृषि, पशुपालन, वित्तीय पहुँच, बजार व्यवस्थापन तथा उद्यम विकासलाई एकीकृत रूपमा प्रवर्द्धन गरी गाउँलाई रोजगारी, उत्पादन र समृद्धिको केन्द्रका रूपमा विकास गरिनेछ।

२१. दुध उत्पादन प्रवर्द्धनका लागि **"नश्ल सुधार, दुग्ध उत्पादनको मुख्य आधार"** भन्ने नाराका साथ निःशुल्क कृत्रिम गर्भाधान सेवालाई प्रभावकारी ढंगले सञ्चालनमा निरन्तरता दिइनेछ।

२२. अण्डाको आयात प्रतिस्थापनका लागि व्यवसायिक कुखुरा पालक कृषकहरुलाई अण्डामा उत्पादन र बिक्रीमा आधारित अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

२३. पशुपंक्षीहरुमा देखिने रोग, उपचार सेवा, खोप सेवा, आहारा विकास कार्यक्रम, रेविज नियन्त्रण तथा अन्य आकस्मिक माहामारीजन्य रोगहरुको नियन्त्रणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२४. व्यवसायिक हल गोरु, राँगो, पाडापाडी पालक किसानहरूलाई प्रोत्साहन कार्यक्रमको निरन्तरता दिइनेछ।

२५. कृषक, प्राविधिक सहज सम्पर्क र संवादका लागि टोल फ्रि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशुपालक किसानका लागि मागमा आधारित पशुपालन संरचनाको सुधार, निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

**२७.** स्थानीय खोलानालामा पाइने माछा तथा अन्य जलचरको संरक्षण, जैविक विविधताको प्रवर्द्धन र प्राकृतिक प्रजनन सुनिश्चित गर्न प्रजनन (Peak Breeding) अवधिमा माछा मार्ने, संकलन गर्ने तथा अन्य हानिकारक गतिविधिमा नियन्त्रण गरिनेछ। नगर क्षेत्र भित्रका नदी तथा खोलामा माछा मार्ने व्यवसायीहरूलाई सूचीकरण गरिनेछ।

२८. संघ, प्रदेश र स्थानीय तहका साझा कार्यक्रमहरुलाई समन्वय र सहकार्यमा सञ्चालन गर्ने नीति लिइनेछ।

## सहकारी तथा वित्तीय क्षेत्रः

१. सहकारीका सिद्धान्त, मुल्य र मापदण्डहरुको अनुशरण गरी समग्र सहकारी क्षेत्रलाई स्वःनियमनको अभ्यास गर्ने थलो बनाउने आन्तरिक नियन्त्रण, बाह्य परीक्षण र निहित स्वार्थपूर्ण द्वन्द व्यवस्थापनका लागि उपयुक्त व्यवस्था गरिनेछ।

२. सहकारी संस्थाको प्रशिक्षण प्रवर्द्धन र नियमनमा जोड दिइनेछ, स्वाबलम्वन र पारस्पारिकतालाई महत्व दिई सहकारी उत्पादन बजारीकरण रोजगारी र उद्यमशिलताको श्रीङ्खला विकास गरिनेछ । सहकारी क्षेत्रको सुशासनका निम्ति स्वनियम क्षमता अभिवृद्धि गरिनेछ।

३. नगरपालिका क्षेत्र भित्रका सहकारीहरुलाई सफ्टवेयरमा आधारित व्यवस्थापकीय क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ । सो का लागि सरोकारवाला निकायहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।

४. नगरपालिका भित्रका क्रियाशिल सहकारीहरुको प्रभावकारी अनुगमन र नियमन गरी सहकारी प्रति आम नागरिकको विश्वास र भरोसा अभिवृद्धि गर्न पहल गरिनेछ।

## अर्थ, उद्योग, वाणिज्य र लघुउद्यमः

१. स्थानीय स्रोत साधनमा आधारीत उद्यम विकास, पेशा व्यवसाय मार्फत स्वरोजगार सिर्जना गर्न परम्परागत उत्पादनलाई आधुनिकीकरण र ब्रान्डिङ गरी निर्यात प्रर्वद्वन गरिनेछ।

२. **“गाउँ फर्कौं, आफ्नै गाउँ बनाऔं”** भन्ने नाराका साथ वैदेशिक रोजगारीबाट फर्किएका स्वरोजगार बन्न चाहने युवालाई घुम्तीकोष मार्फत उद्यमी बन्न प्रेरित गरिनेछ।

३. नगरभित्रै उद्यम गरिरहेका वा उद्यम गर्न चाहने युवाहरूलाई प्राविधिक सहयोग र सहुलियत पुर्ण कर्जामा सहजीकरण गर्दै व्याजमा अधिकतम वार्षिक ४ प्रतिशत सम्म अनुदान दिने नीति लिइनेछ।

४. दिगो रोजगारी र उद्यमशिलता प्रवर्द्धनको लक्ष्यलाई आत्मासाथ गर्दै सीप विकास लघुउद्यमका कार्यक्रमलाइ प्रवर्द्वन गरिनेछ। जीविकोपार्जनको लागि लघु उद्यमीहरुलाई प्रोत्साहनका कार्यक्रमहरुमा जोडिनेछ।

५. उपयुक्त जग्गाको खोजी गरी औद्योगिक ग्रामको प्रारम्भिक खाका तयार गरिनेछ। निजी क्षेत्र, सहकारी तथा बाह्य लगानीकर्ताहरूलाई आकर्षित गर्ने नीति लिइनेछ।

६. औद्योगिक विकास निर्माणका आवश्यक पूर्वाधारहरु सडक, बिजुली, पानी र व्यावसायिक तालिम केन्द्र निर्माणका लागि पहल कदमी लिइनेछ।

७. घरेलु तथा महिला उद्यमीहरूको बजार पहुँच विस्तारका लागि महिला तथा युवा लक्षित उद्यमिहरूको संजाल गठन गर्न प्रोत्साहन गरिनेछ। जसबाट उत्पादनमा वृद्धि, उचित मुल्य प्राप्ती र सहज बजारीकरणमा टेवा पुग्नेछ ।

## धार्मिक, सांस्कृतिक  तथा प्राकृतिक पर्यटन प्रवर्द्धनः

१. विना सालैजो, सोरठी, सालैजो, यानीमाया, सुनिमाया, भजनटुक्का जस्ता स्थानीय लोक भाका र संस्कृतिमा आधारित सम्पत्तिलाई संरक्षण, विकास र पुस्तान्तरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. तीज मेला, हरिवोधनी एकादशी, वैकुण्ठ चतुर्दशी, माघेसंक्रान्ती, फागुपूर्णिमा, जेठ वीस(वराजु मेला), लगायतका धार्मिक एवं सांस्कृतिक मेला र महोत्सवहरूलाई मर्यादित र व्यवस्थित गर्दै कला संस्कृति संरक्षण गर्न जोड दिइनेछ ।

३. जैमिनीधाम, शिवपुरीधाम, थन्थाप भगवतीमाई, हात्तीढुङ्गा, कमल जैसी, गाजादह, भैरवस्थान सम्मको धार्मिक पर्यटन रुट निर्माण गरी सो रुटहरुमा साङ्केतिक पाटी, विश्राम स्थल, खानेपानी  जस्ता पूर्वाधार निर्माण गर्दै लगिनेछ ।

४. जैमिनी धाम, गाईथुने, पुतलीगह्रा, पुरानो गाउँ, हाँडीकोट, सतिढुंगा, रिठेडाँडा, कुश्मीसेरालाई प्राकृतिक पर्यटकीय रुटका रुपमा विकास गरिनेछ ।

५. स्थानीय कला संस्कृतिको रुपमा रहेको नाच, लोकगीत तथा लोक संस्कृति संरक्षणमा आधारित सांस्कृतिक कार्यक्रम सञ्चालनबाट आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।

६. राष्ट्रिय दलित संग्रालयको अवधाराणालाई कार्यान्वयनको आधार तयार गर्ने नीति लिइनेछ ।

## पूर्वाधार विकास

## पूर्वाधार विकासः

**१.** **“दिगो र वातावरणमैत्री पूर्वाधार जैमिनी नगरको समृद्धिको आधार”** भन्ने मुल नारालाई सार्थक बनाउन नगरपालिकाको प्रथम आवधिक योजना, सडक गुरुयोजना र एकिकृत शहरी विकास योजनाको प्राथमिकता र नगरको आवश्यकतालाई ध्यानमा राखि पूर्वाधारजन्य आयोजनाहरुको कार्यान्वयन गरिनेछ ।

**२.** पूर्वाधार विकासको क्षेत्रमा नगरपालिकालाई प्राप्त हुने स्रोत र साधनको उपयोग गर्दै न्युन लागतमा अधिकतम प्रतिफल प्राप्त हुने गरी पूर्वाधार विकासका आयोजनाहरु सञ्चालन गरिनेछ ।

**३.** जैमिनी नगरपालिकाको विज्ञ सम्मेलनबाट प्राप्त सुझावलाई मनन् गर्दै, उत्पादन र रोजगारीमा टेवा पुऱ्याउने, सेवा प्रवाहलाई सहज बनाउने कम लागतमा बढी प्रतिफल प्राप्त हुने दिगो र वातावरणमैत्री पूर्वाधारका योजनाहरुमा जोड दिइनेछ ।

**४.** नगरपालिका भित्र सडक गुरुयोजनाले तोकेका मुख्य सडक, सहायक सडक र टोल बस्तीहरु जोड्ने सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नति गर्दै लगिनेछ । अति आवश्यक टोल बस्तिका केन्द्र जोड्न बाँकी स्थानहरुमा बाहेक नयाँ सडक खन्ने कार्य पूर्ण रुपमा बन्द गरिनेछ ।

**५.** नगरका मुख्य प्राथमिकतामा रहेका सडकहरुलाई संघ/प्रदेश सरकार र दातृ निकाय समेतको सहयोग, सहकार्य र समन्वयमा स्तरोन्नति गर्दै लगिनेछ । संघ र प्रदेशस्तरबाट सञ्चालन हुने सडकहरुमा दोहोरोपना नपर्ने गरी बजेट विनियोजन गरिनेछ ।

**६.** नगर भित्रका सबै वडाहरुमा रहेका १३ वटै दिगो सडकको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ । दिगो सडक पूर्वाधार निर्माण तथा सुधार कार्यका लागि नाली निर्माण, टेवा पर्खाल, पानी निकास र घुम्ती सुधार

जस्ता कार्यलाइ उच्च प्राथमिकता दिई कार्य गरिनेछ । पुरातात्विक तथा जल सम्पदा र पूर्व निर्मित भौतिक संरचनाहरूलाई असर नपर्ने गरि नयाँ पूर्वाधार निर्माण कार्यलाई सञ्चालन गरिनेछ ।

७. नगरभित्रका कच्ची सडकहरुमा वर्षाको पानी निकास, बाढी र पहिरोको कारण क्षतिग्रस्त भई वर्षेनी मर्मत सुधार गर्न ठूलो खर्च गर्नु परेकोले मर्मत सुधारको कार्यलाई व्यवस्थित गर्न वडास्तरमा रहेका "वडागत मर्मत संभार कोष"मा नै बजेट व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइनेछ । वर्षातको समयमा भल र पानीबाट सडकको संरक्षण गर्न निश्चित समयका लागि सडक हेरालु राख्ने गरी भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

८. जैमिनी नगरपालिका भित्र यात्रुवाहक सवारी साधनलाइ व्यवस्थित गर्न बसपार्कका लागि आवश्यक जग्गा प्राप्ती तथा पूर्वाधार निर्माणको कार्य अगाडी बढाइनेछ । नगरपालिकाको केन्द्र कुश्मीसेरा बजारमा बाँकी रहेका कच्ची सडक तथा नालीलाई पक्की बनाउने कार्यलाई पुर्णता दिइनेछ ।

९. संघ र प्रदेश सरकारबाट स्वीकृत भएका नगरभित्रका सबै पूर्वाधारजन्य आयोजनाहरूलाई समयमै सम्पन्न गराउन आवश्यक समन्वय गरिनेछ । मोटरेवल पुल निर्माण गर्न बाँकी रहेका स्थानहरुमा प्राथमिकताको आधारमा कार्यान्वयनका लागि पहल गरिनेछ ।

१०. नगरपालिकाको आवधिक योजनामा सूचीकृत भएका सिँचाइ योजनाहरुलाई प्राथमिकताको आधारमा निर्माण तथा मर्मत सुधार गर्दै जाने नीति अवलम्वन गरिनेछ । संघ र प्रदेशबाट स्वीकृत भएका सिंचाई तर्फका आयोजनाहरूलाई समयमानै सम्पन्न गराउन प्रभावकारी समन्वय गरिनेछ ।

११. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माणको अनुमति, अनुगमन र नियमन गरिनेछ । जैमिनी नगरपालिकाको भवन निर्माण तथा सडक मापदण्ड, २०७८ लाई आधार मानी भवन तथा घरको निर्माण गर्दा नक्सा पास गर्ने कार्य अनिवार्य रुपमा लागू गरिनेछ । बनिसकेका भवन तथा संरचनाहरुको व्यवस्थित अभिलेखिकरण गर्ने कार्यलाई कार्यान्वयनमा ल्याइनेछ ।

१२. जैमिनी नगरपालिका अन्तर्गतका बजार क्षेत्रमा मापदण्ड विपरीत बनेका घर टहरा हटाई व्यवस्थित शहर निर्माण गर्न पहल गरिनेछ । नगर क्षेत्रभित्रको रिङरोड तथा मुख्य सडकहरुको अवधारणाका आधारमा बजार क्षेत्र विस्तार गर्ने नीति लिइनेछ । सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रहि नगरपालिकाको शहरी बस्ती विकासलाई व्यवस्थित गर्न जोड दिइनेछ।

१३. सुकुम्बासी मुक्त पालिका घोषणाको नीतिलाई निरन्तरता दिदै नगरमा रहेका घरविहिन विपन्न परिवार, विपदबाट आवास गुमाएका परिवार तथा गोठ र छाप्रामा बसोबास गर्ने परिवारलाई व्यवस्थित आवासको व्यवस्था र नगरभित्र खरका छाना भएको घरमा बसोबास गर्ने परिवारको लागि टिनको छाना उपलब्ध गराउने नीति र कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवन २०८३ मंसिर मसान्त भित्र सम्पन्न गरिनेछ । वडा नं. ९ को वडा कार्यालय र स्वास्थ्य चौकी भवन आगामी आ.व. भित्र नै सम्पन्न गर्ने गरी कार्य प्रारम्भ गरिनेछ । वडा नं. ३ र ५ को स्वास्थ्य चौकीका भवनलाई निर्माण सुधार गर्दै सोही भवनबाट सेवा प्रवाह सुरू गरिनेछ । साथै नगर भित्रका अन्य प्रशासकीय भवनहरुलाई आवश्यकताको आधारमा निर्माण सुधार गरिनेछ । नगरपालिका

भित्रका सामुदायिक विद्यालय र अन्य सामुदायिक एवं संस्थागत भवनहरुलाई संरक्षित र व्यवस्थित गर्दै सार्वजनिक हितमा प्रयोग गरिनेछ।

**१५.** नगर भित्रको पूर्वाधार निर्माणलाई दिगो र गुणस्तरीय बनाउनको लागि शुरू गरिएको पूर्वाधार ल्याबलाई थप व्यवस्थित गर्दै प्रभावकारी उपयोगमा ल्याइनेछ।

**१६.** नागरिकलाई कम्तिमा पनि १५ मिनेटको पैदल दुरीमा सडक पहुँचमा पुऱ्याउन थप गर्नुपर्ने सडकलाई प्राथमिकतामा राखी बजेटको प्रवन्ध गरिनेछ। बाह्रै महिना यातायात सेवाको पहुँच अभिवृद्धि गर्न आवश्यक सहायक पूर्वाधारहरु निर्माण र व्यवस्थापनमा जोड दिइनेछ।

**१७.** नगरपालिका भित्र निर्माण सम्पन्न भएका सबै झोलुङ्गे पुलहरुको सूची अद्यावधिक गर्दै संरक्षण गर्ने नीति लिइनेछ। आवश्यकता पहिचान भई सूचीकृत भएका लामो तथा छोटो तरीका झोलुङ्गे पुलहरुको निर्माण गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

**१८.** नगरपालिकाले निर्माण गरेको नगर सडक यातायात गुरुयोजना र जग्गा वर्गिकरणले निर्धारण गरेका क्षेत्रहरुको उपयोगिताको आधारमा विकास संरचना तयार गर्ने र सडकको लगत कट्टा गर्ने नीति लिइनेछ। यसको लागि गण्डकी प्रदेश सरकार कृषि तथा भूमी व्यवस्था मन्त्रालय संग सहकार्य गरिनेछ।

**१९.** जैमिनी नगरपालिकाको भु-उपयोग कार्यविधि, २०७९ अनुसार वर्गिकरण गरिएको कृषि, आवासीय र व्यवसायिक लगायतका जग्गाहरुलाई योजनावद्ध ढंगले उपयोग गर्न प्रोत्साहन गरिनेछ। जग्गाको प्रकार र आवश्यकतालाई ध्यानमा राखी स्पष्ट मापदण्ड तयार गर्दै समय सापेक्ष अद्यावधिक गर्दै जाने नीति लिइनेछ।

**२०.** जैमिनी नगरपालिकाको भु-उपयोग नक्सालाई (GIS) प्रविधिको माध्यमबाट सार्वजनिक रुपमा जानकारी गराइनेछ, जसले नागरिकहरुलाई सही सूचना लिन सहयोग पुग्नेछ।

२१. नगरक्षेत्रभित्र सञ्चालन गरिने पूर्वाधारजन्य विकास आयोजनाहरुलाइ बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउदै जलवायु परिवर्तन, भु-बनावट, जनसंख्या र बस्ती विकासको आधारमा दिगो र उत्थानशिल विकासमा जोड दिइनेछ।

२२. सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम 'घ' वर्गको इजाजत जारी नवीकरण तथा खारेजी गर्ने कार्यलाई नियमित र व्यवस्थित गरिनेछ।

२३. सङ्घीय र प्रदेश स्तरीय आयोजना तथा परियोजना कार्यान्वयनमा समन्वय र सहजीकरण गरिनेछ। स्थानीय तहहरु बीच साझा सरोकार रहने पूर्वाधारजन्य आयोजनाहरुको सम्बन्धमा सम्बन्धित स्थानीय तहहरु सँग सहकार्य गरिनेछ। विकास योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन र मुल्याङकनको कार्यलाई थप व्यवस्थित गरिनेछ।

## जलविद्युत तथा वैकल्पिक उर्जा:

**१.** सबै नागरिकको घरमा विद्युत पहुँच सुनिश्चित गर्ने नीति लिइनेछ।

२. नगरपालिका भित्र विद्युत सव-स्टेशन निर्माणका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ।

३. अव्यवस्थित पोल र तारहरु हटाई व्यवस्थित नगर बनाउन पहल गरिनेछ।

४. नगरका मुख्य बजार क्षेत्र र सार्वजनिक भवन लगायतका स्थानहरुमा सौर्य वत्ती/स्मार्ट लाइट जडानको कार्यलाई निरन्तरता दिइनेछ।

५. जैमिनी नगरपालिका भित्र रहेका सबै लघु जलविद्युत आयोजनालाई प्रचलित ऐन नियमको विपरित नहुने गरि व्यवस्थित एवं एकिकृत ढंगबाट सञ्चालन गर्न आवश्यक सहजीकरण गरिनेछ।

६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र यससँग कार्य गर्ने गैरसरकारी निकायको समन्वयमा नविकरणीय उर्जा र यसको प्रविधिको पहुंच बढाई जीवनस्तरमा सुधार र रोजगारीमा वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ।

## सूचना तथा संचारः

१. नगरपालिका र सबै वडा कार्यालयहरूमा दर्ता-चलानी, फाइल स्वीकृत, र आन्तरिक सञ्चारका लागि सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) पूर्ण रूपमा लागू गरिनेछ ।

२. जैमिनी नगरपालिकाका सबै वडाका वस्ती, टोल र संस्थाहरुमा सरल र सुलभ रुपमा पहुँच भएको संचार सेवा पुर्याउन सरकारी तथा निजी क्षेत्रका सबै सेवा प्रदायक संस्थासँग समन्वय र सहकार्य गर्दै सूचना प्रविधि तथा संचारको क्षेत्रलाइ व्यवस्थित गर्ने नीति अवलम्वन गरिनेछ।

३. स्थानीय, जिल्ला र राष्ट्रिय संचार माध्यमहरुसँग सहकार्य गरिनेछ। नगरपालिका क्षेत्रमा इन्टरनेटको पहुँचलाई सर्वसुलभ बनाउनको लागि नगरपालिकाको केन्द्रमा Free Wi-Fi को प्रबन्ध गर्दै लगिनेछ।

४. नगरपालिका र वडा कार्यालयमा आधुनिक र हाई स्पिड इन्टरनेट विस्तारका लागि पहल गरिनेछ। नेपाल टेलिकम सँगको समन्वयमा फाइवर लाइन विस्तार सँगै संचार टावर निर्माण सुधारका लागि पहल गरिनेछ।

५. नगरपालिका भित्रका सरकारी कार्यालयहरू मुख्य बजार/सडक, सार्वजनिक स्थानहरूमा सडक वत्ति, सडक सूचना बोर्ड, ट्राफिक संकेत तथा CCTV क्यामेरा विस्तार गरिनेछ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

### वन वातावरण र भू संरक्षण तथा विपद् व्यवस्थापनः

१. वन वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण, पुनर्स्थापना र सम्बर्द्धन प्रणालीमा आधारित दिगोपन व्यस्थापनमा जोड दिइनेछ। वन अतिक्रमण, वनजन्य जडिवुटीको चोरी निकासी, कटानी तथा डढेलो नियन्त्रणलाई प्रभावकारी बनाउदै वन क्षेत्रको सम्वर्द्धन गरिनेछ ।

२. पानीको मुहान, ताल, पोखरी, चौपारी तथा जलाधर क्षेत्रको संरक्षण, वृक्षारोपण, भूक्षय नियन्त्रण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. टोल विकास संस्था, निजी क्षेत्र, नगरिक समाज तथा वन उपभोक्ता समूहको सहकार्यमा प्रदुषण, प्लाष्टिकजन्य फोहोर नियन्त्रण र हरियाली प्रवर्द्धन लगायतका वातावरणमैत्री विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. विपद उत्थानशिल समाज निर्माणमा जोड दिदै विपद् प्रतिकार्य योजना अनुसार विपद्जन्य जोखिमको पुर्वानुमान, रोकथाम, राहत र पुर्नस्थापनाका लागि आवश्यक तयारी गरिनेछ।

५. विपदबाट हुन गएको धनजनको क्षतिमा राहत उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।

६. विपद् जोखिम क्षेत्रको पहिचान गरी भौगर्विक अध्ययन गरिनेछ, प्रभावमा आधारित मौषम पुर्वानुमानको जानकारी गराउने तथा विपद्का घटनामा तीब्र समन्वय र प्रतिकार्य गर्नका लागि आपतकालिन कार्यसञ्चालन केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

७. जैविक विविधता संरक्षणका लागि प्रकृतिमा रहेका रैथाने बनस्पति, जलचर र जनावर वीचको पारिस्थितिक प्रणाली (Eco-System) कायम राख्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. विपद् प्रतिकार्य तयारीका लागि विभिन्न संघ संस्थासँगको समन्वयमा साझेदारीमुलक विपद् प्रतिकार्य तालिम र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। विपद्जन्य घटनाहरुको पूर्वतयारी, प्रतिकार्य तथा उद्धारका लागि संघ, प्रदेश र अन्य संघसंस्थाहरुसँग सहकार्य गरिनेछ।

९. सरकारी, सामुदायिक तथा निजी वनमा सरोकारवालाहरू सँगको सहकार्यमा फलफुलजन्य विरुवा रोपण कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

१०. वर, पिपल र स्वामीजस्ता लोप हुँदै गएका वृक्षहरू संरक्षण तथा रोपण गर्दै पर्यावरण अनुकुलनको नीति लिइनेछ।

## फोहोरमैला व्यवस्थापनः

१. कुश्मीसेरा बजारक्षेत्रबाट उत्पन्न फोहोर विसर्जन भैरहेको स्थानलाई थप व्यवस्थित गरिनेछ। फोहोरमैलाको व्यवस्थापनका लागि फोहोरको वर्गीकरण गर्न प्रचारात्मक अभियान चलाइनेछ।

२. वातावरणमैत्री स्थानीय शासनलाई आत्मसात गर्दै सबै वडा तहमा फोहोरमैला उत्सर्जनलाई उचित व्यवस्थापन गर्ने प्रणाली विकास गर्दै लगिनेछ।

३. निजी क्षेत्रसँग सहकार्य गर्दै नगर क्षेत्र र बजारउन्मुख क्षेत्रलाई सफा सुन्दर र व्यवस्थित राख्न प्रत्येक घरको अगाडी **एक घर एक गमला** लगायत बजार सौन्दर्यकरण अभियान चलाइनेछ।

४. सार्वजनिक स्थान र संस्थाहरूमा फोहोर संकलन र विसर्जन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

## सामाजिक विकास

## शिक्षा यूवा तथा खेलकुद र वालविकासः

१. **"गुणस्तरीय शिक्षाको आधारशिला, सुधारिएको पाठशाला"** भन्ने नारा सहित गुणस्तरीय शिक्षण सिकाई वातावरण तयार गर्न न्यूनमत सेवा गुणस्तर मापदण्ड (EMSS) विद्यालय स्तरीकरण तथा शैक्षिक गुणस्तर परीक्षण सूचक, २०८१ क्रमशः सबै विद्यालयमा लागु गरिनेछ। सूचकको आधारमा प्रोत्साहन र पुरस्कार समेतको व्यवस्था गर्दै विद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिइनेछ।

२. बालबिकास सहजकर्ता र विद्यालय कर्मचारीलाई दिदै आएको तलब भत्तालाई निरन्तरता दिइनेछ।

३. सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि जैमिनी नगरपालिकामा छनौट भएको लिड स्कुललाई नगर क्षेत्रकै उत्कृष्ट शैक्षिक गन्तव्यको रुपमा विकास गरिनेछ। **Learning, Earning and Developing** को सोच सहितको यस विद्यालयलाई सबै शैक्षिक संस्थाहरुको नेतृत्वदायी संस्थाको रुपमा विकास गरिनेछ। सोका लागि आवश्यक साधन स्रोतका जुटाउन संघ, प्रदेश सरकार एंव निजी क्षेत्रसँग समेत साझेदारीका लागि पहल गरिनेछ।

४. **“एक विद्यालय एक करेसाबारी”** बनाउने गरि हरित विद्यालय कार्यक्रम सञ्चालन पहल गरिनेछ । यसबाट विधार्थीहरुलाई उपयुक्त सिकाई वातावरण र पोषिलो अर्गानिक खाजा समेत तयार हुने विश्वास लिईएको छ ।

५. विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा थप आकर्षित गर्न नगरपालिकाबाट शान्ति माध्यमिक विद्यालयमा प्राविधिक धार सञ्चालनमा दिदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

६. जैमिनी नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च शिक्षा अध्ययन गर्न चाहने गरिव, दलित र विपन्न विद्यार्थीहरुका लागि आवश्यक सहजिकरण गरिनेछ ।

७. नव युवा र आधुनिक समाजको चाहनालाई मध्यनजर गर्दै प्राविधिक धार सञ्चालित शान्ति माध्यमिक विद्यालयमा AI(कृत्रिम बौद्विकता) ल्याब सञ्चालनको कार्य प्रारम्भ गरिनेछ ।

८. नगरका उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूको आवश्यकतालाई ध्यानमा राख्दै शान्तिदिप बहुमुखी क्याम्पसको स्नातक तह छात्रवृत्ति कार्यक्रमलाई साझेदारी मोडलमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. ज्ञानमा आधारित सीप र सिर्जना विकास गर्ने हेतुले भोकेशनल ट्रेनिङ सहित नवप्रवर्तनमा आधारित प्रवर्तनशाला तथा व्यावसायिक सीप विकास केन्द्र निर्माणको प्रक्रिया अगाडि बढाइनेछ । पूर्व सिकाईमा आधारित सिप परीक्षण कार्यलाई प्रदेश सरकारसँग साझेदारीमा निरन्तरता दिइनेछ ।

१०.नगरस्तरीय सार्वजनिक पुस्तकालय स्थापना गरि सामुदायिक सिकाई केन्द्र मार्फत प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

११.विद्यालयहरूमा असल अभ्यास आदान प्रदानका लागि पाहुना शिक्षकको व्यवस्था मिलाइनेछ ।

१२.वेदको पठनपाठन भइरहेको जैमिनी संस्कृत माध्यमिक पाठशालालाई वेदको अध्ययन/अनुसन्धान केन्द्रका रूपमा विकास गर्दै लगिनेछ । साथै संस्कृत भाषाको संरक्षण र विकासमा जोड दिइनेछ ।

१३.**SEE** दिने विधार्थीको मनोवल बढाई प्राप्ताङ्कमा सुधार ल्याउन मूख्य विषयमा अनलाईन कक्षा तथा क्रयास् कोर्स सञ्चालन गरिनेछ ।

१४.नतिजा सुधार र सिकाई उपलब्धी वृद्धि गर्न नतिजाको आधारमा “**उत्कृष्ट वर्ष विद्यालय**” घोषणा गरिनेछ ।

१५.महिला शिक्षक सुत्केरी बिदामा रहदा पठनपाठनमा पर्ने क्षति कम गर्न प्राथमिकता र आवश्यकताको आधारमा स्वयमसेवक शिक्षक परिचालन गरिनेछ ।

१६.**“रमाइलो पढाइ, दिगो सिकाई”** भन्ने नारा सहित बालबालिकामा अन्तरनिहित विभिन्न प्रतिभाको प्रष्फुटनका लागि नगर स्तरीय पढाइ मेला, प्रतिभा पहिचान सहितका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

१७.सामुदायिक विद्यालय र बाल विकास केन्द्रहरुको सत्यापन कार्य सञ्चालन गरी भौगोलिकता, विद्यार्थी सङ्ख्या तथा आवश्यकताका आधारमा विद्यालय समायोजन र  शिक्षक दरबन्दी मिलान एवं व्यवस्थापन र पुनर्वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१८.माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरूलाई सम्बन्धित वडा कार्यालय सँगको समन्वयमा उत्कृष्ट उद्यमी अभिभावक सम्मान कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ ।

१९.**“ज्ञान, सीप र संस्कार, सफल जीवनको आधार”** भन्ने नाराका साथ विद्यालय स्तरमा स्काउट ट्रुपको गठनलाई निरन्तरता दिइ सोको प्रभावकारी परिचालन गर्दै शिक्षक विद्यार्थीलाई अनुशासन नैतिकता र समाज सेवामा लाग्न अभिप्रेरित गरिनेछ ।

२०.विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यकताका आधारमा शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ ।

२१.विद्यार्थीमा सकारात्मक उत्प्रेरणा, व्यक्तित्व निर्माण र डिजिटल साक्षरताका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. **"दिवा खाजा राम्रो खाऔं, खुशी भएर विद्यालय जाऔं"** भन्ने नारा सहित सामूदायिक विद्यालयहरुमा पूर्ण रुपमा जङ्क फुड निषेध गरी नगरपालिकाको दिवा खाजा मेन्यु कार्यान्वयन गरिनेछ । साथै कक्षा ६ का विद्यार्थीका लागि समेत दिवा खाजाको व्यवस्था मिलाइनेछ ।

२३.कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सबै छात्राहरुलाई सेनेटरी प्याडको व्यवस्था गरिनेछ र डिस्पोजल मेसिनको प्रयोग अनिवार्य गरि विद्यालयमा स्वास्थ्य र सरसफाई मापदण्ड लागु गरिनेछ ।

२४. माध्यमिक र आधारभुत विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ICT Lab को व्यवस्थापन तथा व्यवहारीक प्रयोगमा जोड दिइनेछ । माध्यामिक तहको विद्यालयमा सञ्चालित सामाजिक सांस्कृतिक संग्रहालयहरुलाई स्तर वृद्धि गर्दै लगिनेछ ।

२५.सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीका लागि बालमैत्री धारा र शौचालय निर्माणलाई निरन्तरता दिदै सुरक्षित विद्यालय, मानसिक स्वास्थ्य तथा परामर्श सेवा सँगै बालमैत्री विद्यालय प्रर्वद्धनमा जोड दिइनेछ ।

२६.विद्यार्थीहरुका लागि Creative Learning with Book Free Friday Program लाई प्रभावकारी सञ्चालनको व्यवस्था मिलाइनेछ ।

२७.नगर खेलकुद विकास समिति मार्फत खेलकुदका गतिविधिहरुलाई व्यवस्थित गर्न थप स्रोत र साधनको प्रबन्ध गरिनेछ ।

२८.नगरस्तरको दुर्लेवेशी खेलमैदानसँगै वडा स्तरका अन्य खेलमैदानहरुलाई सुधार तथा स्तरोन्नती गर्दै लगिनेछ ।

२९. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगलाई व्यवस्थित गरिनेछ ।

३०.विद्यालय उमेरका सबै बालबालिकाको अभिलेखिकरण र भर्ना सुनिश्चित गर्दै **"शून्य विद्यालय बाहिर बालबालिका"** अभियान सहित अनिवार्य शिक्षा कार्यान्वयनमा जोड दिइनेछ ।

३१.बालबालिकाको कक्षा अनुसारको पोर्टफोलियो निर्माण र नियमित नतिजा सुधार गर्दै सिकाई उपलब्धी वृद्धि गर्ने कार्यमा विद्यालयललाई प्रोत्साहन गरिनेछ ।

३२. जैमिनी नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भइसकेको हुँदा यसको दिगोपनाका लागि आवश्यक बालमैत्री निर्माण सुधार लगायत प्रक्रियागत एवं नीतिगत सुधारका कार्यहरूलाई निरन्तरता दिइनेछ ।

३३.बालमैत्री स्थानीय शासन दिगोपनालाई निरन्तर प्रभावकारी बनाउन शिक्षकहरूलाई बालमैत्री सहजकर्ताको जिम्मेदारी पुरा गर्ने गरि परिचालन गरिनेछ ।

३४.बालअधिकार महासन्धि, बालमैत्री स्थानीय शासन तथा बालबालिका सम्बन्धी ऐन, कानुन अनुसार बालबालिकाको सर्वोत्तम हित, बचाउ, संरक्षण, सहभागिता र विकास सुनिश्चित गरिनेछ ।

३५.जोखिममा रहेका, असहाय, अनाथ तथा अभिभावक विहीन बालबालिकाको संरक्षण, स्वास्थ्य, शिक्षा तथा पुनःस्थापनाका लागि आवश्यक आवासीय र संरक्षणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

**३६.** बाल अधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि संघ र प्रदेश सरकार एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था संग समन्वय र सहकार्य गरिनेछ ।

**स्वास्थ्य:**

१. नगरपालिकाले स्थापना गरेको नागरिक स्वास्थ्य उपचार कोषलाई वृद्धि गरिनेछ । साथै आम नागरिकलाई कोषमा योगदान गर्ने वातावरण बनाइनेछ ।

२. नगरपालिकाभित्रका सबै नागरिकहरुमा आधारभुत स्वास्थ्य सेवाको पहुँच पुऱ्याइनेछ । नागरिकलाई आधारभुत स्वास्थ्य सेवाका प्रर्वद्धनात्मक, निरोधात्मक, उपचारात्मक, पुनस्थापनाका पक्षमा काम गर्ने गरी कार्यक्रमहरू गरिनेछ ।

३. कुश्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्रलाई आधारभुत नगर अस्पताल, वडा नं ३ को शहरी स्वास्थ्य केन्द्रलाई वडा तहको स्वास्थ्य संस्थाको रुपमा स्तरोन्नती गर्न पहल गरिनेछ ।

४. परिवार योजना तथा मातृशिशु कल्याणका कार्यक्रमलाई निरन्तरता दिइनेछ । जैमिनी नगरपालिका भित्रका बर्थिङ सेन्टरबाट सुरक्षित र गुणस्तरीय प्रसुति सेवा उपलब्ध गराउन आवश्यक जनशक्ति, उपकरण तथा अन्य व्यवस्थापकीय काम गर्दै गर्भवती तथा सुत्केरी आमालाई आकस्मिक प्रेषण गर्नुपर्ने भएमा यातायात खर्चको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५. कुश्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्रमा मानव संशाधन, प्रयोगशालामा उपकरण तथा कोल्डचेन व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

६. स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता र पहुँच विस्तारमा जोड दिदै महिला समुदायिक स्वास्थ्य स्वयंसेविकाको पारिवारिक स्वास्थ्य बीमामा भइरहेको सहयोग तथा प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. नगरक्षेत्र भित्र सञ्चालित औषधि पसलहरुको अनुगमन गर्दै कडा रोगका कारक तत्वका रुपमा रहेका सुर्ति, मदिरा र लागु पदार्थको विक्रि वितरण तथा प्रयोगमा कानून बमोजिम नियमन तथा नियन्त्रण गरिनेछ ।

८. स्वास्थ्य संस्थाहरुमा अत्यावश्यकीय औषधि तथा स्वास्थ्य सामाग्रीको उपलब्धता सुनिश्चित गरिनेछ ।

९. जैमिनीवासीलाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्नका लागि अस्पताल तथा संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१०. पाठेघरको रुग्णता जस्ता समस्याबाट पिडीत महिलाहरुको समस्या पहिचान तथा वर्गिकरण गरी निशुल्क शल्यक्रियाको व्यवस्था मिलाइनेछ ।

११. बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ । पोषणका नियमित कार्यक्रमहरुबाट महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण र रोकथाम कार्यहरू सञ्चालन गरिनेछ ।

१२. स्वास्थ्य सेवाका अभिलेख/प्रतिवेदन विद्युतीय प्रणालीबाट गरिनेछ । स्वास्थ्यकर्मीलाई प्रविधीमैत्री क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१३. खोप सेवाको गुणस्तरीयता कायम राख्दै पूर्णखोप सुनिश्चितता तथा दिगोपनाका कामलाई निरन्तरता दिइनेछ । महामारीका विरुद्द पुर्व सतर्कता अपनाउन आवश्यक खोप तथा औषधीको उचित प्रवन्ध गरिनेछ ।

१४. नगरमा रहेका क्षयरोगी तथा कुष्ठरोगीहरूको पहिचान तथा निवारण कार्यलाई निरन्तरता दिइनेछ । सर्ने तथा नसर्ने रोग र मानसिक स्वास्थ्यका कार्यक्रमहरू विद्यालय तथा समुदाय स्तरमा सञ्चालन गरिनेछ ।

१५. नगरक्षेत्रमा खानेपानीको गुणस्तर परीक्षण र सरसफाइ तथा खाद्य पदार्थको गुणस्तर निगरानिका कार्यहरु गर्दै औषधीजन्य फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

१६. सबै वडामा ग्रामिण भिडीयो एक्स-रे लाई निरन्तरता दिदै **पुर्ण संस्थागत प्रसुती**लाई दिगो राखिनेछ ।

१७. प्रविधिमैत्री स्वास्थ्य परामर्श सेवा सञ्चालन गरिनेछ ।

१८. स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका नागरिकहरुको स्वास्थ्य सेवाका लागि सहरी स्वास्थ्य केन्द्र सञ्चालनलाई निरन्तरता दिइनेछ।
१९. विपन्न नागरिकलाई कडा रोगहरु लागेमा सङ्घीय तथा प्रदेश सरकारले उपलब्ध गराउने उपचारमा सहजीकरण गरिनेछ।
२०. नागरिक आरोग्य क्लिनिकको सेवालाई निरन्तरता दिदै अत्यावश्यक आयुर्वेद औषधीको उपलब्धता सुनिश्चित गरिनेछ।
२१. स्वस्थ जीवनशैलिको विकासमा जोड दिई सकारात्मक सोचको विकास गर्न विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
२२. जेष्ठ नागरिकको नसर्ने रोग व्यवस्थापन, स्वास्थ्य प्रवर्द्धनको लागी रसायन औषधी र स्तनपायी आमा तथा ६ महिना मुनिका बच्चाको स्वास्थ्य प्रवर्द्धनका लागी स्तन्यबर्धक औषधी वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
२३. आयुर्वेद औषधालयहरुबाट प्रदान गरिने सेवालाई न्यूनतम सेवा मापदण्ड अनुसार सञ्चालन गरिनेछ । उपचारात्मक, प्रवर्धनात्मक तथा प्रतिकारात्मक सेवालाई आयुर्वेद चिकित्सा पद्धतिसंग जोडदै व्यवाहारिक जीवनमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

## खानेपानी तथा सरसफाई:

१. खानेपानी तथा सरसफाई सम्बन्धी Wash Plan लाई अद्यावधिक गर्दै कार्यान्वयनमा लगिनेछ।
२. नगर क्षेत्रभित्र सञ्चालन हुने सबै खानेपानी तथा सरसफाइ योजनाहरुलाई **एक घर एक धारा निर्माण हुने गरी** सहजिकरण गरिनेछ ।
३. **"जैमिनी नगर, सरसफाइयुक्त नगर"** को नारालाई आत्मसाथ गर्दै नागरिकसँग सरसफाई र आनिबानी सुधारका अभियानमा सहकार्यका साथ गैरसरकारी संस्थाहरुसँग समेत साझेदारी गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

१. नेपालको संविधान, राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य (SDG) सँग तादात्म्यता कायम गरी लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी विकासलाई प्रवर्द्धन गरिनेछ।
२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिअनुरूप समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि लक्षित वर्ग केन्द्रित कार्यक्रम र अभियान सञ्चालन गरिनेछ।
३. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विधवा महिला, अल्पसंख्यक, पिछडिएको वर्ग तथा सीमान्तकृत समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
४. लैङ्गिक उत्तरदायी योजना तथा बजेट प्रणालीलाई संस्थागत गर्दै नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूको नियमित GEDSI परीक्षण गरिनेछ।
५. लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन, बालश्रम, बालविवाह, बहुविवाह, छुवाछुत, दाइजो प्रथा तथा अन्य सबै प्रकारका सामाजिक विभेद र कुप्रथाको अन्त्यका लागि रोकथाम, संरक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति तथा परिवारको उद्धार, राहत, मनोसामाजिक परामर्श, कानुनी सहायता तथा पुनःस्थापनाका लागि आवश्यक सेवा र जोडकोष व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

७. **"छोरी जन्मे घर, खुसीको लहर"** भन्ने मुल नारा सहित सञ्चालन भएको **जैमिनीकी छोरी कार्यक्रम**लाई थप प्रभावकारी बनाइनेछ।

८. आदिवासी जनजाति समुदायको भाषा, लिपि, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

९. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्दै उनीहरूको क्षमता, आवश्यकता र सीपअनुसार शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशीलता तथा सहायता सामग्रीमा पहुँच विस्तार गरिनेछ।

१०. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा, स्वास्थ्य सेवा तथा सामाजिक सहभागिता अभिवृद्धिका लागि ज्येष्ठ नागरिकमैत्री कार्यक्रम सञ्चालन गरिनेछ। जेष्ठ नागरिकहरूको ज्ञान सिप र अनुभवलाई सामाजिक जीवनका मुल्य र मान्यतासंग आवद्व गर्दै बालबालिका र युवा पुस्तामा हस्तान्तरण गर्न प्रेरित गरिनेछ ।

## सामाजिक सुरक्षाः

१. राष्ट्रिय परिचयपत्र एवं घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट गुणस्तरीय सार्वजनिक सेवा प्रवाह तथा शान्ति, सुरक्षा र सुशासन प्रवर्द्धन गरिनेछ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरुको विवरण MIS Online मा प्रविष्ट गरि बायोमेट्रिक र IRIS डिभाइसबाट भेरिफिकेशन गरि नाम दर्ता र नविकरण गरिने कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सरल र पारदर्शी बनाउन अनलाइन प्रविधि र बैंकिङ्ग प्रणालीमार्फत वितरण भैरहेको भत्तालाई वडाको टोलबस्तीमा पुऱ्याउने सेवालाई निरन्तरता दिइनेछ।

४. व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र निःशुल्क दर्ता गराउन विद्यालय, स्वास्थ्य संस्था, महिला समूह, युवा क्लब, बाल क्लव, टोलस्तर र विभिन्न संचार माध्यमबाट जनचेतना अभियान सञ्चालन गरि समयमै घटना दर्ता गर्ने संस्कारको विकास गरिनेछ।

## श्रम रोजगार प्रवर्द्धन र विकासः

१. सुरक्षित वैदेशिक रोजगारी र श्रम शक्तिको सूचना तथा तथ्याङ्क संलग्न र व्यवस्थापन गरिनेछ।

२. व्यक्तिको सीप र चाहाना अनुसार सीपमुलक तालिमको माध्यमबाट दक्ष जनशक्तिको विकास गर्दै आन्तरिक रोजगारीको सृजना र स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ। यसका लागि सम्भावित मन्त्रालय र सरोकारवाला सीप विकास तालिम केन्द्र र प्रतिष्ठान सँग समन्वय गरिनेछ।

३. वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुको ज्ञान सिप पुँजीको समुचित प्रयोग गरी स्वरोजगार उन्मुख बनाउनका लागि पुनःसामाजिक एकिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको सहजीकरणको कार्यलाई सहज र प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ।

५. वैदेशिक रोजगारीमा जाने श्रम शक्ति र परिवारलाई वित्तिय साक्षरता र सीपमुलक तालिम व्यवस्थापन गरिनेछ।

६. लैङगिक हिंसा, दैविक प्रकोप र सामाजिक उत्पिडन जस्ता क्रियाकलापहरूबाट सिर्जित मानासिक पिडा र समस्यालाई पहिचान गरी व्यक्तिगत तथा सामुहिक मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

७. संघ, प्रदेश र स्थानीय तहको सहकार्यबाट सञ्चालन भइरहेको सुरक्षित आप्रवासन कार्यक्रम(सामी) लाई थप प्राभवकारी बनाउदै कार्यन्वयन गरिनेछ । समुदाय स्तरमा सूचना प्रवाहका लागि जिम्मेवारी तोकिएका सामुदायिक केन्द्रका परीचालिकाहरूको जम्मेवारीलाई निरन्तरता दिइनेछ ।

## <u>सुशासन तथा संस्थागत विकासः</u>

१. नगरपालिका र अन्तर्गतका कार्यालयहरुको कार्यसम्पादनलाई सहज बनाउन सांगठनिक विकास, जनशक्तिको व्यवस्था र वृत्ति विकासको लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O& M Survey) प्रतिवेदन बमोजिम सबै कर्मचारीहरुको कार्य विवरण तयार गरी सो अनुसार कार्यसम्पादन गर्ने व्यवस्था मिलाई सेवा प्रवाहलाई चुस्तदुरुस्त, सहज, सरल र प्रभावकारी बनाइनेछ ।

३. नगरपालिकामा सहज रुपमा सेवा प्रवाह गर्नुका साथै सेवाको प्रक्रिया सम्बन्धी सम्पूर्ण जानकारी डिजिटल रुपमा प्रस्तुत् गर्नको लागि डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) लाई अद्यावधिक गर्दै लगिनेछ ।

४. सूचना प्रविधिको प्रयोगमा वृद्धि गर्दै फाईलहरुलाई लामो समयसम्म सुरक्षित राख्ने डिजिटल माध्यमको प्रयोग गरिनेछ । नगरपालिकाका हरेक सूचना समाचार र कार्यक्रमहरु वेब साइट, मोवाइल एप्स, डिजिटल नोटिश बोर्ड, अडियो नोटिस बोर्ड, फेसवुक आदि मार्फत नियमित अध्यावधिक गरि सूचना सम्प्रेषणमा सुदृढिकरण गर्दै पारदर्शिता कायम गरिनेछ ।

५. नगरपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनलाई प्रक्रिया र नतिजासँग जोड्दै कार्यसम्पादन सूचकका आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

६. कार्यालय व्यवस्थापन, अभिलेखीकरण तथा सूचना व्यवस्थापन प्रणालीलाई आधुनिक र व्यवस्थित बनाइनेछ । गुणस्तरीय सेवा प्रवाहलाई सुनिश्चित गर्न नियमित अनुगमनको प्रबन्ध गरिनेछ ।

७. नगरपालिकाको सार्वजनिक सेवा प्रवाह, विकास व्यवस्थापन, वित्तिय व्यवस्थापन, आर्थिक विकास लगायतका क्षेत्रमा हाँसिल गरेका उपलब्धिहरूको लेखाजोखा राख्ने स्थानीय कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) लाई थप प्रभावकारी हुने गरी कार्यान्वयन गरिनेछ ।

८. नगरपालिका अन्तर्गत सञ्चालन हुने अटो, टेम्पो, ई-रिक्सा लगायत नगरको क्षेत्राधिकार भित्र सञ्चालन हुने सबै सवारी साधनको दर्ता, नविकरण, भाडा दर, रुट इजाजत लगायतका कार्यहरु व्यवस्थित गरी नियमन गरिनेछ ।

९. कर्मचारी तथा शिक्षकको आन्तरिक सरुवालाई व्यवस्थित पारदर्शी र अनुमानयोग्य बनाउन आन्तरिक सरुवा सम्बन्धी मापदण्ड जारी गरिनेछ । नव प्रवेशी स्थायी कर्मचारीलाई सेवा प्रवेश तालिमको व्यवस्था गरिनेछ ।

१०.जैमिनी नगरपालिकाको संस्थागत सुदृढीकरणका लागि आवश्यक नीति कानुन कार्यविधि तथा मापदण्डहरुको निर्माण र समायनुकुल परिमार्जन गरिनेछ ।

११.नगरसभा र नगरपालिकाका विषयगत समितिहरुको क्षमता विकासको कार्यक्रमहरु सञ्चालन गरिनेछ । महालेखा परिक्षकको कार्यालयबाट कायम भएका बेरुजुहरुको संपरीक्षण तथा फछ्यौटका लागि कार्यतालिका बनाई कार्य सञ्चालन गरिनेछ ।

१२.सेवा प्रवाह सुधार तथा सेवाग्राही सन्तुष्टिका लागि व्यवस्थापन परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण जस्ता विधिको प्रयोग गरिनेछ । वडा तथा नगर कार्यपालिकाबाट प्रवाह हुने सेवालाई अनलाइन रजिष्ट्रेशन, कम्प्युटर बिलिङ जस्ता सूचना प्रविधिको प्रयोग मार्फत नागरिकमैत्री तथा प्रविधिमैत्री बनाइनेछ ।

१३.भ्रष्ट्रचारजन्य क्रियाकलाप तथा अनियमितता प्रति शुन्य सहनसिलताको नीति अवलम्बन गर्दै सार्वजनिक खरिद राजस्व र प्रशासनिक प्रक्रियालाई पारर्दर्शी प्रविधिमैत्री र प्रतिस्पर्धात्मक बनाइनेछ ।

१४.नगरपालिका र यस अन्तर्गत रहेका कार्यालयहरूमा जडान गरिएका विद्युतिय हाँजिरी (E-Attendance) प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै सामुदायिक विद्यालयहरुमा विद्युतिय हाँजिरीको सुरुवात गरिनेछ ।

१५.नतिजामा आधारित काम, सेवा प्रवाहमा सुधार, जनविश्वास अभिवृद्धि र संस्थागत सुशासन कायम गर्नका लागी Right Man in Right Place'को नीति अवलम्वन गरिनेछ । सेवा प्रवाहलाई निष्पक्ष, पारदर्शी र मितव्ययी बनाउन कर्मचारी र जनप्रतिनिधीहरूको जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।

१६.जैमिनी नगरपालिका भित्रका सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी सुरक्षित तथा प्रविधिमैत्री बनाइनेछ ।

## न्यायिक समिति:

१. समाजमा दिगो शान्ति र उत्थानशिल विकासका लागि सामुदायिक मेलमिलापकर्ताहरुलाई शान्ति र विकासको दुतको रुपमा परिचालन गरिनेछ ।

२. समुदाय तहमा उत्पन्न विवादहरुलाई मेलमिलापकर्ता, आमासमुह, स्वयंसेविका, युवाक्लव, नागरिक समाज लगायत अन्य सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य मार्फत समाधानको पहल गरिनेछ । साथै मेलमिलापको असल अभ्यासका लागि युवा संवाद गरिनेछ ।

३. न्यायिक समितिमा प्राप्त निवेदनको कारवाहि र किनारा गर्दा निवेदनको दर्ता आवश्यक जाँचबुझ, म्याद तामेली, मिलापत्र, लगायतका प्रक्रियाहरुलाई सहज बनाउदै समयमै निरुपण गर्ने नीति लिईनेछ ।

४. समुदायमा न्यायिक सचेतना, विद्यार्थीहरुमा कानुनी तथा डिजिटल साक्षरता, महिला शिक्षिका न्यायिक संवाद लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. न्याय सम्पादन र मेलमिलाप कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरु निर्माण गर्ने नीति लिईनेछ ।

## आन्तरिक राजश्वः

१. प्रथम राजश्व सूधार योजनाले निर्देश गरेका राजश्वका क्षेत्रहरुको विस्तार गर्दै आन्तरिक आयलाई वृद्धि गर्ने नीति लिइनेछ ।

२. जैमिनी नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा राजश्व संकलनको लागि प्रयोग भएको अनलाईन प्रणाली SuTRA Revenue Module लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३. आ.व. २०८१।०८२ देखी सञ्चालनमा रहेको अनलाईन प्रणाली SuTRA Revenue Module मा सम्पूर्ण करदातालाई आवद्ध गर्नको लागि डाटा इन्ट्रि शिविरको सञ्चालन गरिनेछ ।

४. **"घरबाटै कर तिरौ"** अभियान सञ्चालन गरी अनलाईन माध्यमबाट भुक्तानी गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

५. **"कर तिरौं जिम्मेवार नागरिक बनौं"** भन्ने नाराका साथ करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्दै उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

६. राजस्व संकलनमा खटिने कर्मचारीहरूलाई कर मुल्याङकन, कानुनी प्रावधान र सफ्टवेयर सञ्चालन सम्बन्धी नियमित अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।

७. जैमिनी नगरपालिका भित्रका नदि, खोला तथा वन क्षेत्रका दहत्तर बहत्तर, जडिबुटी लगायतका प्राकृतिक स्रोतलाई चोरी निकासी हुनबाट रोक्नको लागि समन्वय तथा सहजिकरण गर्ने सुरक्षाकर्मी/सुरक्षा निकायलाई प्रोत्सहान गर्ने व्यवस्था गरिनेछ ।

८. सम्बन्धित वन कार्यालय सँगको समन्वय र सहकार्यमा वन पैदावारबाट प्राप्त हुने रोयल्टीलाई थप व्यवस्थित गरीनेछ ।

९. प्राकृतिक श्रोत साधन, सेवा शुल्क, रोयल्टी संकलनको कार्यलाई प्रभावकारी बनाउदै करको दायरा विस्तार गरी राजस्वको स्रोत मजबुत बनाइनेछ ।

## अन्तरसम्बन्धीत विषयहरुः-

१. टोल विकास संस्थाहरु गठन नभएका स्थानहरुमा टोल विकास संस्थाहरु गठन गरी उद्देश्यको बारेमा बोध गराइ सामाजिक विकासका अभियानहरुमा परिचालन गरिनेछ ।

२. प्राकृतिक स्रोतको बिक्रि वितरणका लागि सम्भावित नदी, खोलाजन्य पदार्थ, स्लेट र ढुङ्गा खानी सम्बन्धी प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन गरिनेछ । पूर्वाधार जन्य आयोजनाहरूको संक्षिप्त प्रारम्भिक वातावरणीय अध्ययन गरी कार्यान्वयन गर्न जोड दिइनेछ ।

३. नगर क्षेत्रभित्रका सार्वजनिक सम्पतिको विवरण तयार गरिनेछ । सार्वजनिक सम्पतिको दुरुपयोग रोक्दै यस्ता सार्वजनिक सम्पतिको संरक्षण र समुचित प्रयोगको लागि ध्यान दिइनेछ ।

४. नगरपालिका भित्रका सबै नागरिकहरूको कामको ज्यालाको उचित सम्मान गरिनेछ । समान कामका लागि समान ज्याला उपलब्ध गराउने कार्यलाई प्राभावकारी कार्यान्वयन गरिनेछ ।

५. नगरपालिका भित्र गरिने खोज अन्वेषण, अनुसन्धान, नवप्रवर्तन र आविष्कार जस्ता अनुसन्धानमूलक कार्यका लागि समन्वय र प्रोत्साहन गरिनेछ ।

६. जैमिनी नगरपालिका भित्रको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकायसँग सहकार्य गरिनेछ ।

७. बसाई सराई, आप्रवासन र बाँदर समस्या जैमिनी नगरपालिकाको लागि चुनौतिको विषय बनेको छ। बाँदर नियन्त्रणका लागी उपयुक्त उपायहरूको खोजी गरी नियन्त्रणको पहल गरिनेछ ।

८. नगरबासीलाई आफ्नो थातथलोमा बसाई राख्न आवश्यक पर्ने भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गर्न सरोकारवाला निकायहरुको पहलमा आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९. नगरको विकासका लागि देश तथा विदेशका पालिका एवं सिटिहरूसंग भगिनि सम्बन्ध कायम गर्ने नीति लिइनेछ।

१०.साझा सरोकारका विषयहरुलाई पहिचान गरि सम्भाव्य क्षेत्रमा लगानीका लागि अन्तरपालिका समन्वय र साझेदारी गर्दै देश तथा विदेशमा रहेका जैमिनीवासी नागरिकहरुलाई समेत लगानीका निम्ति आकर्षित गर्ने नीति लिइनेछ।

११.जैमिनी नगरपालिकाको प्रथम आवधिक योजना, मध्यमकालिन खर्च संरचनाले तोकेका प्राथमिकता र विषयक्षेत्र तथा सन् २०३० सम्म पुरा गर्ने गरी तोकिएका दिगो विकासका लक्ष्यहरु (SDG) लाई विषयगत क्षेत्र अनुसार स्थानीयकरण गरी योजना तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा उपयुक्त रणनीति तयार गरी लागु गरिनेछ।

१२.नगरपालिकाको श्रोत साधनलाई मध्ये नजर गरी आवश्यकता अनुसार सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, सडकवोर्ड नेपाल र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संघ संस्थाहरु सँग सहकार्य गर्दै अगाडि बढ्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३.स्थानीय व्यापार, खाद्य वस्तुको गुणस्तर, माग र आपुर्तिको अवस्थालाई ध्यानमा राखी नियमित रूपमा बजार अनुगमन गरिनेछ। उपभोक्ता हित, संरक्षण र अधिकारका विषयमा सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरीनेछ।

अन्त्यमा, **समृद्ध जैमिनी खुसी र आत्मनिर्भर जैमिनीवासी**को नारालाई सफल पार्न स्वास्थ्य, शिक्षा, कृषि उत्पादन पर्यटन र पूर्वाधार निर्माणमा जैमिनी नगरपालिकाले विशेष ध्यान दिएको छ। जैमिनीवासी नागरिकको जीवनस्तर उकास्न नगरपालिकाले लिएका नीति कार्यक्रम र बजेटमा यहाँहरु सबैको सक्रिय सहभागिता र सचेत खबरदारी रहने विश्वास लिएको छु। संस्थागत सुशासन कायम गर्दै उपलब्ध स्रोतको अधिकतम परिचालन गर्ने नगरपालिकाको नीतिमा सबैको साथ सहयोगको अपेक्षा गर्दछु। नगरका सबै क्षेत्रमा समृद्धिको अभियानलाई साकार बनाउन हामी बनाउछौं हाम्रो जैमिनी भन्ने संकल्पका साथ यहाँहरु सबैको उत्साहपूर्ण सहभागिता र सहयोगको लागि अनुरोध गर्दछु।

**धन्यवाद।**